
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रविन्द्र पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २६ गते शनिबार ❑ 8 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पदयात्रामा जाने टोलीलाई राष्ट्रिय झण्डा हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेसँगै पर्यटनलाई थप चलायमान बनाउन 'थोराङ पास'को पदयात्रामा निस्केको ११ जना सम्मिलित टोलीलाई शुक्रबार यहाँ नेपालको राष्ट्रिय झण्डासहित पर्यटन बोर्ड र नेपाल पर्वतारोहण सङ्घको झण्डा हस्तान्तरण गरिएको छ।

नेपाल पर्वतारोहण सङ्घ गण्डकीको संयोजन र नेपाल पर्यटन बोर्डको सहयोगमा ६ हजार एक सय ४४ मिटर उचाइको थोराङ पास जाने आठदिने पदयात्रामा निस्केको टोलीलाई प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले एक कार्यक्रमबीच राष्ट्रिय झण्डा हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा उहाँले प्राकृतिका रूपमा धनी गण्डकी प्रदेशको आर्थिक समृद्धि गर्न पर्यटन क्षेत्र महत्वपूर्ण भएकाले यसको विकास गर्न मन्त्रालयले योजना अगाडि बढाउने बताउनुभयो । विदेशी पर्यटकलाई पदयात्रामा लैजान सके उनीहरूको बसाइ लम्ब्याउन सकिने उल्लेख गर्नुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख नवीन पोखरेलले पर्यटन क्षेत्रको विकास गर्न पर्यटकलाई हिमाली क्षेत्रतर्फ आकर्षित गराउन आवश्यक भएको औँल्याउँदै पर्यटनको विकाससँगै नेपाली युवालाई यसै क्षेत्रमा संलग्न गराउन सकिने बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का उपाध्यक्ष तारानाथ पहारीले जति बढी विदेशी पर्यटकलाई हिमाली क्षेत्रको पदयात्रामा लैजान सक्यो, त्यति नै पर्यटन क्षेत्रको विकास र समृद्धि हुने बताउनुभयो । नेपाल पर्वतारोहण सङ्घ गण्डकीका निवर्तमान अध्यक्ष एवं पदयात्राका संयोजक शेषकान्त शर्माले २४ देखि ४५ वर्ष उमेर समूहका व्यक्ति थोराङ पास जान लागेको जानकारी दिनुभयो ।

## मुख्यमन्त्री पाण्डेले जेठ २८ गते विश्वासको मत लिने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यही जेठ २८ गते विश्वासको मत लिनुहुने भएको छ।

मुख्यमन्त्री पाण्डेले जेठ २८ गते दिउँसो ३.०० बजे प्रदेशसभाको बैठकमा विश्वासको मत लिने प्रयोजनका लागि शुक्रबार गण्डकी प्रदेशसभा सचिवालयमा सूचना दर्ता गराउनुभएको प्रदेशसभा सचिव हरिराज पोखरेलले जानकारी दिनुभयो । विश्वासको मत लिने सम्बन्धमा प्रदेशसभा सचिवालयले सूचना जारी गरिसकेको छ । नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम पाण्डे यही जेठ १६ गते मुख्यमन्त्री पदमा नियुक्त हुनुभएको थियो ।

## सञ्चारिकाको तनाव व्यवस्थापनमा सञ्चारको भूमिका विषयक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



सञ्चारिका समुह नेपाल गण्डकी प्रदेशको आयोजनामा आदिवासीजनजातिमहिलाहरुको लागि तनाव व्यवस्थापनमा सञ्चारको भूमिका विषयक कार्यक्रम सम्पन्न भएको छ।

महिलाहरुलाई तनाव नलिन र तनावलाई कसरी सजिलै व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा जानकारी गराउन कार्यक्रमको आयोजना गरिइएको हो। पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको सहयोगमा भएको कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि ब्रह्माकुमारी ईश्वरी विशवविद्यालय पार्दीका प्रमुख ब्रहमाकुमारी अमृत दिदीले तनाव व्यवस्थापनमा ध्यान योग आवश्यक रहेको बताउनुभयो । उहाँले सञ्चारमाध्यमवाट सही सुचना सम्प्रेषण हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा सहजीकरण गर्दै प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारीले सञ्चाराध्यमवाट प्रशारण हुने सुचना तथ्यपरक हुनुपर्ने बताउँदै समाचार लेखिसकेपछि क्रसचेकिङ गर्न आवश्यक रहेको बताउनुभयो ।

सञ्चारिका समुह गण्डकीका पूर्व अध्यक्ष सुष्मा पोडेलले तनाव व्यवस्थापन हरेक व्यक्तिको लागि आवश्यक विषय भएको बताउनुभयो । उहाँले दैनिक जीवनमा ध्यान योग गर्दै तनावलाई सरल रुपमा लिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, राष्ट्रिय मानव

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पार्टीका काममा महिलाको सहभागिता बढाउन जरुरी: अध्यक्ष ओली

**रासस**
चितवन, २५ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको काममा महिलाको सहभागिता बढाउनुपर्नेमा जोड दिनुभएको छ।

एमाले चितवनको नवनिर्वाचित समितिको सपथग्रहण समारोहका अवसरमा आज उहाँले पार्टी कामलाई पनि महिलाहरूको बीचमा लैजान निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "महिलाहरूले जिम्मेवारी लिएको ठाउँमा पुरुषको तुलनामा भ्रष्टाचार कम भएको पाइएको छ ।" फरक प्रसंगमा उहाँले भगवान रामको जन्मभूमि माडीको अयोध्यापुरी नै भएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो "पौराणीक मान्यता र शास्त्रहरूमा राम माडीमा नै जन्मिएको स्पष्ट छ । धेरै सूचकले यही कुरा देखाउँछ ।" माडीमा राम मन्दिर बन्ने बताउँदै उहाँले धार्मिक पर्यटक भित्र्याएर माडीलाई मडी बढाउन सकिने उहाँले बताउनुभयो। माडी जाने निकुञ्जको बाटो कालोपत्रे हुनुपर्ने भन्दै उहाँले जङ्गलमा पनि कालोपत्रे गर्न मिल्ने बताउनुभयो। एमालेले मिसन-२०८४ भन्दै आएको चर्चा गर्दै अध्यक्ष ओलीले चितवनका सात वटै पालिका र सबै वडा जित्ने गरी काम गर्न कार्यकर्तालाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो "चितवन बनाउने हो भने एमालेलाई जिताउनु पर्छ । वडादेखि पालिका सबै एमालेले जित्नुपर्छ ।" पार्टीलाई एकताबद्ध, एकजुट र सक्रिय बनाउन निर्देशन दिँदै उहाँले भन्नुभयो "आन्तरिक सङ्घर्ष होइन, आन्तरिक छलफलबाट पार्टीलाई एकजुट बनाएर अघि बढ्नुपर्छ ।" कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य काशिनाथ अधिकारी, गुरु बराल, चितवन जिल्ला इन्चार्ज पार्वत गुरुङ, नवनिर्वाचित अध्यक्ष कमल पाठक, निवर्तमान अध्यक्ष रामप्रसाद न्यौपाने लगायतले धारणा राख्नुभएको थियो।

एमाले चितवनको जिल्ला अधिवेशन यही जेठ १६ गते सम्पन्न भएको थियो। नवनिर्वाचित समितिले आजै सपथग्रहण गरेको छ।

## फेवातालमा डुंगा दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

फेवाडुंगाव्यवसायीसंगठनको आयोजनामा फेवातालमा डुंगा दौड प्रतियोगिता हुने भएको छ।

संगठनले शुक्रबार पत्रकार सम्मेलन गरी संस्थाको ३० औं स्थापना दिवसका अवसरमा प्रतियोगिता एंव एक दिने मेला उत्सव आयोजना गर्ने जानकारी दिएको हो । पोखराको पर्यटन प्रवर्द्धन गर्नका लागि जेठ ३१ गने मेला र प्रतियोगिता गर्न लागिएको संगठनका अध्यक्ष

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## रुपातालको किनारमा पक्की सडक निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



कास्कीका पोखरा महानगरपालिका र रुपा गाउँपालिकाको बीचमा अवस्थित रुपातालको किनारमा पक्की कालोपत्र सडक निर्माण भएको छ।

रूपाताल एकीकृत संरक्षण परियोजनाले रुपा गाउँपालिकाअन्तर्गत खोलाको छेउबाट तालबैँसीसम्म तालको देब्रे किनारमा साढे सात किलोमिटर अस्पाल्ट प्रविधिबाट पक्की सडक निर्माण गरिरहेको हो। परियोजनाको रु २३ करोड १० लाख लागतमा काम भइरहेको छ। सडक सम्पन्न भएपछि स्थानीयलाई दैनिक यात्रा गर्ा सहजता हुनुका साथै तालको महत्व बढ्ने र पर्यटक आगमन वृद्धि हुने अपेक्षा गरिएको छ।

पोखराका फेवा र बेगनास तालपछि तेस्रो ठूलो तालका रुपमा रहेको रुपातालमा पहुँच सडकको अभावमा पर्यटकीय गतिविधि कम भएपछि सुविधा सम्पन्न पक्की सडक निर्माण थालिएको रुपाताल पुनःस्थापना तथा मत्स्य सहकारी संस्थाका अध्यक्ष शिवप्रसाद अधिकारीले बताउनुभयो। निर्माण सम्पन्न भएपछि तालको महत्व अझ बढ्नुका साथै यहाँको पर्यटन प्रवर्द्धन हुने र स्थानीयको आर्थिकस्तर वृद्धि हुने उहाँको भनाइ छ। उहाँले पक्की सडकले तालको मुहारका साथै स्थानीयको दैनिकी फेर्ने बताउँदै खुसी व्यक्त गर्नुभयो।

"विसं २०५९ मा हामी आफैँले ट्र्याक खोलेको बाटो बनाउन सुरु गरेका हौँ। अहिले पूरै तालको एक छेउबाट अर्को छेउसम्म पुग्ने गरी पक्की सडक बन्दा असाध्यै खुसी भएका छौँ। पर्यटकीय गतिविधिसँगै स्थानीयलाई समेत बाटोले फाइदा हुनेछ", अध्यक्ष अधिकारीले भन्नुभयो । अधिकारीका अनुसार सडक निर्माणले रुपातालमा माछा खरिद तथा बिक्रीका लागि सजिलो हुनुका साथै रुपा गाउँपालिकाका भङ्गरा, जमनकुना, तालबैँसीलगायत क्षेत्रका स्थानीय सडकबाट प्रत्यक्ष लाभान्वित हुनेछन् । बेगनासताल हुँदै सुन्दरीडाँडा, तालबैँसी हुँदै लमजुङको भोर्लेटार जाने हालको सडक साँघुरो र जीर्ण भएको अवस्थामा रुपातालको किनार हुँदै बनेको यस सडक विकल्पका रुपमा प्रयोगमा आइसकेको अधिकारीले बताउनुभयो। रुपाताल एकीकृत संरक्षण परियोजनाका इन्जिनियर नरजङ्ग गुरुङले सडक निर्माणको हालसम्म ८० प्रतिशत काम सकिएको जानकारी दिनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षभित्रमा पूरा काम हुनेछ।

सडक निर्माणका लागि विसं २०७८ असार २३ गते डुकुचु कन्ट्रक्सन प्रालि काठमाडौँसँग ठेक्का सम्झौता गरिएको थियो । सडक नालाबाहेक साढे पाँच मिटर फराकिलो हुनेछ। सम्झौता मितिले ३० महिनाभित्रमा काम सम्पन्न गरिसक्नुपर्ने भए पनि बजेट अभावमा ढिलाइ भएको निर्माण कम्पनीको भनाइ छ।

"गत चैतभित्रमा कालोपत्रे गर्ने तयारी भएको थियो । बजेट अभावमा सडक समयमै सम्पन्न गर्न केही ढिलाइ भयो । चालु आर्थिक वर्षमा सम्पन्न गर्नेगरी कामलाई तीव्रता दिएका छौँ", इन्जिनियर गुरुङले भन्नुभयो ।

रुपाताल विश्व रामसार सूचीमा सूचीकृत छ । साविकको लेखनाथ नगरपालिका-१०, ११ र १४ का केही भाग तालले छोएको छ । ताल पर्यटकीय गन्तव्यसँगै आसपासका सर्वसाधारणको समृद्धिको महत्वपूर्ण आधार बन्ने स्थानीयको भनाइ छ।

परियोजनाका इन्जिनियर सुनिता गैह्रेले रुपाताललाई पुरानै स्वरुपमा फर्काउन करिब रु चार अर्ब ५० करोडमा लागतमा विभिन्न संरचना निर्माण भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार पहुँच मार्गसहित जलाधार क्षेत्रमा तीनवटा सिल्ट्रेसन ड्याम निर्माण गरिएको छ। लक्षित योजनाअनुसार काम सम्पन्न भई बाँध निर्माण भएपछि हाल रहेको पानी सतह छ सय २० मिटरबाट बढेर छ सय २४ मिटर हुने र तालको क्षेत्रफल हालको एक सय २२ हेक्टरबाट बढेर एक सय ८३ पुग्ने इन्जिनियर गैह्रेले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जिल्ला बन क्षेत्र समन्वय समिति कास्कीको बैठक

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

कास्की जिल्ला बन क्षेत्र समन्वय समितिको बैठक शुक्रबार पोखरामा सम्पन्न भएको छ।

बैठकलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा बन क्षेत्र समन्वय समितिका प्रमुख लिलाधर पौडेलले बन क्षेत्रको संरक्षणमा सरकारी निकायहरू अति गम्भीर र प्रभाबकारी ढंगले लागि पर्न आग्रह गर्दै पछिल्लो समय बन बिनासको महत्वपूर्ण कारक तत्व डढेलो नियन्त्रण गर्न प्रभाबकारी जनचेतना सहितका कार्यक्रम बनाउन आग्रह गर्नुभयो । मानब जीवन सहित सम्पूर्ण जिबजन्तुको अस्तित्व नै समाप्त हुने गरि बन बिनास बढ्दै जानू अत्यन्त चिन्ताको बिषय भएको भन्दै प्रमुख पौडेलले संरक्षणका निम्ति तत्काल अल्पकालिन र दीर्घकालीन कार्ययोजना आबश्यक भएको हुँदा त्यसतर्फ ध्यान दिन सरोकारवाला कार्यालयका कर्मचारीहरूलाई आग्रह गर्नुभयो । पौडेलले छलफलका क्रममा देखिएका समस्या, चुनौती,



कानुनी र नितिगत समस्या हल गर्न सरकारको ध्यानाकर्षण गराउने उल्लेख गर्दै घनिभुत ढंगले समन्वय गर्ने उल्लेख गर्नुभयो । पौडेलले नितिगत झन्झट राजनितिक तहबाटै हल गर्नुपर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा जि. स. स. कास्कीका उप-प्रमुख सरिता माल, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, कास्कीका डिभिजनल बन अधिकृत कोमलराज काफ्ले, एक्याप पोखरा कार्यालयका प्रमुख डाक्टर रबिन कडरिया, सामुदायिक बन उपभोक्ता महासंघ नेपाल गण्डकीका अध्यक्ष कालिदास सुवेदी सहितका विभिन्न सरोकारवाला ब्यक्तिहरूले बन क्षेत्रमा देखिएका समस्या, चुनौती र निराकरणका सम्बन्धमा आ-आफ्नो धारणा ब्यक्त गर्नुभएको थियो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा बन क्षेत्र समन्वय समितिका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो।

त्यसैगरी बाल कल्याण संस्थाको जिल्ला परियोजना सल्लाहकार समितिको बैठक शुक्रबार सम्पन्न भएको छ । बैठकलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा जिल्ला परियोजना सल्लाहकार समितिका अध्यक्ष लिलाधर पौडेलले समाज बिकासका निम्ति गैर सरकारी संस्थाहरूको भुमिका महत्वपूर्ण रहदै आएको उल्लेख गर्दै ती संस्थाहरू विभिन्न तहका सरकारसंग अझै सघन ढंगले हातेमालो गर्न आग्रह गर्नुभयो । पौडेलले सबै क्षेत्रमा कार्यरत ब्यक्तित्वहरू इमान्दार तवरले लागेमा मात्रै समृद्धिको अभियान सार्थक रूपले अगाडि बढ्ने बताउनुभयो। सो अबसरमा जिल्ला समन्वय समिती कास्कीका सदस्यद्वय सितादेबी बि क र लक्ष्मी दमै, कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देल,जिल्ला शिक्षा समन्वय समिती कास्कीका कार्यालय प्रमुख लोकनाथ आचार्य, पोखरा महानगर पालिका शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्य, गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष बुद्धि बहादुर थापा, गण्डकी प्रदेशका बाल कल्याण अधिकारी बद्री वाग्ले सहितले आ-आफ्नो धारणा ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा बाल कल्याण संस्थाका कार्यकारी निर्देशक बिजय कुमार प्रधानले संस्थाको परिचय सहित, गतिबिधी, कार्यक्रम र बिबिध पक्षहरूको बारेमा जानकारी गराउनुभएको थियो । जिल्ला परियोजना सल्लाहकार समितिका अध्यक्ष लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न बैठकको संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नु भएको थियो।

# आँधीखोला उत्खनन्मा वालिङलाई प्रशासनको रोक

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ जेठ

वालिङ नगरपालिकाले आफ्नो क्षेत्रमा पर्ने आँधीखोला अस्वभाविक रुपले उत्खनन् गर्न थालेपछि जिल्ला प्रशासनले रोक लगाएको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाले एकपत्र जारी गर्दै आँधीखोलाको वातावरणीय परिक्षण मुल्याङ्कन नगरी उत्खनन् नगर्न अनुरोध गरेको छ । वालिङ नगरपालिकाले भुम्रे–अर्चबोट–तमादी–डुम्रेभञ्याङ–बोनीडाँडा हुदै सेतीबेणी गुल्मी सडक निर्माणको लागि चाहिने निर्माण सामाग्री उत्खनन् गर्न दिने अनुमति निर्माण कम्पनीलाई दिएको थियो । उक्त सडक टुनी आरएस जेभी जडिबुटी निर्माण कम्पनी काठमाण्डौंले निर्माण गरिरहेको छ । त्यसको सहजीकरणमा सहयोग गर्न नगरपालिकाले जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाएको थियो। तर जिल्ला प्रशासनले इआईए नगरी आँधीखोलामा डोजर प्रयोग नगर्न अनुरोधगरेपछिआँधीखोला उत्खनन्मा रोक लगाइदिएको हो। ठेकेदार कम्पनीको अनुरोधका आधारमा सडक विभागले उक्त सडकलाई आवश्यक पर्ने झण्डै २५ हजार घनमिटर निर्माण सामाग्री उपयुक्त स्थानबाट व्यवस्था गरिदिन अनुरोध गरेपछि नगरपालिकाले आँधीखोला उत्खनन् गर्न अनुमति दिएको थियो। बातावरणीय परिक्षण मुल्याङ्कन नै नगरी नगरपालिकाले डोजर लगायत ठुला इक्व्यूमेन्ट मार्फत उत्खनन् गर्न अनुमति दिएपछि प्रशासनले हाललाई उक्त कार्य नगर्न रोकिदिएको छ । नगरपालिकाले पठाएको पत्र अनुसार जुन स्थानहरुबाट निर्माण सामाग्री उत्खनन् गर्ने हो उक्त स्थानहरुमा इआईए नगरिएको देखिएकाले उत्खनन्मा रोक लगाएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए।

नगरपालिका वा संघिय सरकारको गौरवको आयोजना निर्माणका लागि मात्रै इआइए गरेर मात्रै खोलाहरु उत्खनन् गर्न पाइने व्यवस्था छ। जसका लागि नगर कार्यपालिकाबाट निर्णय गराएर मात्रै प्रक्रिया अगाडी बढाउनु पर्ने हुन्छ। यस बिषयमा वालिङ नगरपालिकाले कार्यपालिकाबाट पनि निर्णय नगरी हचुवाका भरमा आँधीखोला उत्खनन् गर्न दिएको बताइएको छ । प्राविधिकहरुका अनुसार नगर प्रमुखले कुनै परामर्स नगरी आँधीखोला उत्खनन् गर्न दिएको बताइएको छ । जिल्लाकै धार्मिक, सांस्कृतिक पहिचान बोकेको आँधीखोला पछिल्लो समय दोहन बढी हुन थालेपछि स्थानीयले पनि बिरोध गर्दै आएका छन्। राजस्व संकलन हुने प्रलोभनमा स्थानीय सरकारहरु स्थानीय खोलानाला सगै आँधीखोला बचाउने भन्दापनि उत्खननमा बढी जोड दिन थालेका छन् । स्थानीय खोलानालाको निर्माण सामाग्री स्थानीय सरकारले परिचालन गर्न पाईने कानुनी व्यवस्था छ । तर सदियौदेखी संस्कृति सगँ जोडिएको आँधीखोला वातावरणीय प्रभाव नहेरी राजस्व संकलन गर्ने नाममा स्थानीय सरकारहरु उत्खननमा जोड दिदै आएका छन्। जनप्रतिनिधिहरु नै यस्ता क्रियाकलापमा संलग्न हुन थालेपछि स्थानीयहरु प्रशासन समक्ष पुग्नेक्रम बढेको छ । हरेक बर्ष आँधीखोलाबाट करोडौ रुपैया राजस्व उठाउदै आएका स्थानीय सरकारहरुले आँधीखोला संरक्षणका लागि भने अहिले सम्म बजेट छुट्याउने गरेको पाइएको छैन । संरक्षणमा ध्यान नदिएका पालिकालाई प्रशासनको ब्रेकले केही हदसम्म आँधीखोला जोगिदै आएको छ। यसका स्थानीयहरुले पनि प्रशासनको यस्तो कार्यको खुलेर प्रशंसा गरेका छन्।

## बन अपराध नियन्त्रण सम्बन्धी सूचना

- बन फाँड्ने, बन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज उत्खनन् गर्ने, आवादी गर्ने, सड्क तथा अन्य पूर्वाधार बनाउने, घर छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने जस्ता कार्य बन अतिक्रमण हो । यस्तै, बिना इजाजत राष्ट्रिय बन, निजी बन, आवादी समेतको बन पैदावार कटान, संकलन र ओसारपासार गर्ने सबै कार्य बन अपराध हुन् । बत अतिक्रमण तथा बिना इजाजत बन पैदावार कटान, संकलन तर ओसारपसार गर्ने गराउनेलाई बन ऐन, २०७६ को दफा ५० बमोजिम बरामद काठको बिगो जफत गरी अधिकतम पाँच बर्षसम्म कैद वा दुई लाख रुपैयासम्म जरीवाना वा दुवै सजाय हुने प्रावधान छ ।
साथै, पचास हजार भन्दा बढी मूल्य पर्ने बोझबाहक तथा सवारी साधनसमेत जफत हुन्छ । यसका अलावा बन पैदावारमा आधारित उद्योगले प्रचलित कानुन विपरीत बन पैदावार राखेमा थप दुई लाख रुपैया जरिवाना हुनेछ । तसर्थ बन ऐन, २०७६ को बर्खिलाप हुने कार्यहरु नगर्न नगराउनहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध छ ।

### बन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना

बन्यजन्तु पक्रने, शिकार गर्ने, आखेटोपहार राख्ने, ओसारपसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम पाँच लाखदेखि दशलाख रुपैयासम्म जरीवाना वा पाँच वर्षदेखि पन्ध्रबर्षसम्म कैद वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरु गर्न नगराउनहुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

## सञ्चारिकाको ...

अधिकार आयोगका अफिसर मोहन काफ्ले, ईन्सेकका कार्यक्रम अधिकृत सवनम शर्मा, महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष केशु भूजेल लगायतले तनाव व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा आफ्नो भनाई राखेका थिए।

तालिममा तमु धी नेपाल केन्द्रिय आमा समिति, नेवा मिसा पुचः, नेपाल दवु मिसा, मगर महिला संघ, महिला घेदुङ, तामाङ महिला समिति, राष्ट्रिय आदिवासी जनजाति महिला संघ, नेपाल कुमाल समाज, दुरा समाज सहित विभिन्न संघ.संस्थामा आवद्ध ५० जना आदिवासी जनजाति महिलाहरुको सहभागीता रहेको थियो।

सञ्चारिका समुह नेपाल गण्डकी प्रदेशका अध्यक्ष कविता श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कञ्चन थापा र सञ्चालन कोषाध्यक्ष उमा आलेमगरले गर्नुभएको थियो।

## फेवाताल ...

बलराम गिरीले जानकारी दिए।

आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा ४० टीमले सहभागिता जनाउने संस्थाका सचिव सचिव शिव जिसीले बताए।

महिला र पुरुषको छुट्टाछुट्टै टिम रहने उनले जानकारी दिए । प्रतियोगितामा सहभागी हुने टिममा ३ जना हुनु पर्नेछ। सहभागी हुने टिमले काठबाट बनेको डुंगाको प्रयोग गर्नु पर्नेछ। सहभागी हुने एउटा टिमलाई ३ सय रुपैयाँ दर्ता शुल्क तोकिएको उनले बताए । प्रतियोगितामा स्वदेशी तथा विदेशी सबै खेलाडीले सहभागिता जनाउन पाउनेछन् । सहभागीको आफ्नो डुंगा नभए आयोजकले व्यवस्था गर्ने उनले बताए। प्रतियोगिमामा पुरुष टीमले २१ सय मिटर र महिला टीमले १५ सय मिटरमा प्रतिस्पर्धा गर्नुपर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम हुनेले ३० हजार हजार र द्वितिय हुनेले २ तथा तृतिय हुनेले १० हजार पुरस्कार प्राप्त गर्ने सचिव जिसीले जानकारी दिए। यस्तै महिलातर्फ पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः २० हजार, १५ हजार र १० हजार नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

प्रतियोगिता सम्पन्न गर्नका लागि करिक २ लाख ४० हजार रुपैयाँ खर्च लाग्ने आयोजकले अनुमान गरेको छ । प्रतियोगिताबाट बचत भएको रकम फेवातालको सरसफाईमा खर्च गरिने उनले बताए।

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।
लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,
◆मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
◆सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
◆विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
◆उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
◆लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
◆वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

